**अख्तियार दुरुपयोग अनुसन्धान आयोग**
**टङ्गाल, काठमाडौं**

मितिः २०८३।०१।२९ गते ।

# प्रेस विज्ञप्ति

**विषय: आरोपपत्र दायर गरिएको ।**

जिल्ला धनुषास्थित सशस्त्र प्रहरी बल नेपाल सुरक्षा वेश नक्टाझिज, धनुषामा कार्यरत सशस्त्र प्रहरी निरीक्षक वकिल अधिकारीले कमला–ढल्केवर–बाग्मती सडक निर्माण खण्डअन्तर्गत माटो तथा ग्राभेल फिलिङ्ग कार्यमा प्रयोग हुने सवारी साधनहरू रोक्ने तथा फिल्डमा माटो/ग्राभेल झार्न नदिई बिभिन्न बहाना बनाई दुःख हैरानी दिई सेवाग्राहीसँग घुस/रिसवत माग गरेको भन्ने सूचना एवं उजुरी निवेदनका आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, बर्दिवासबाट खटिई गएको टोलीले निज सशस्त्र प्रहरी निरीक्षक वकिल अधिकारीलाई सेवाग्राहीसँग रू.४०,०००।– (चालीस हजार रुपैयाँ) घुस/रिसवत लिइसकेको अवस्थामा उक्त रकमसहित नियन्त्रणमा लिइएको थियो।

अनुसन्धानको सिलसिलामा सशस्त्र प्रहरी बल नेपाल, सुरक्षा वेश, नक्टाझिज, धनुषामा कार्यरत सशस्त्र प्रहरी निरीक्षक वकिल अधिकारीले पूर्व पश्चिम राजमार्ग अन्तर्गत कमला-ढल्केवर-बाग्मती सडक निर्माण अन्तर्गतको माटो/ग्राभेल फिलिङ्ग गर्ने कार्यमा प्रयोग हुने सवारी साधनहरु रोक्ने तथा फिल्डमा माटो/ग्राभेल झार्न नदिई विभिन्न बहाना बनाई सेवाग्राहीसँग घुस/रिसवत माग गरी रु.४०,०००।— (चालीस हजार रुपैया) लिएको स्थापित भएकोले निज सशस्त्र प्रहरी निरीक्षक वकिल अधिकारीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसुरमा बिगो रु.४०,०००।— (चालीस हजार रुपैयाँ) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (क) बमोजिम कैद र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगोबमोजिम जरिवाना हुन मागदाबी लिई आज विशेष अदालत काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

प्रवक्ता
सुरेश न्यौपाने